**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा ३ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको आ.व. २०८०/८१ को प्रथम त्रैमासिक विवरणहरु ।**

१. **निकायको स्वरुप र प्रकृति :**

कम्पनी ऐन, २०६३ बमोजिम स्थापित एवं बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोबार गर्न इजाजतपत्र प्राप्त "ग" वर्गको राष्ट्रियस्तरको वित्तीय संस्था ।

२. **निकायको काम, कर्तव्य र अधिकार :**

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा व्यवस्था भए बमोजिमका काम, कर्तव्य र अधिकार रहेका छन् ।

३. **निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :**

यस संस्थामा हाल स्थायी, अस्थायी, करार समेत गरी जम्मा २१३ जना कर्मचारीहरु कार्यरत छन् र संस्थाले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत भईरहेको छ । व्यवस्थापन समुहमा रहेका कर्मचारीहरुको नाम र पद संस्थाको वेबसाईट www.gurkhasfinance.com.np को About Us भित्र Management Team मा उल्लेख गरिएको छ ।

४. **निकायबाट प्रदान गरिने सेवा :**

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा व्यवस्था भए बमोजिम "ग" वर्गको राष्ट्रियस्तरको वित्तीय संस्थाले दिने सम्पूर्ण वित्तीय सेवाहरु ।

५. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :**

सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीहरुको विवरण संस्थाको वेबसाईट www.gurkhasfinance.com.np को Branches & ATMs खण्डमा प्रकाशित गरिएको छ ।

६. **सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि :**

वित्तीय संस्थाले प्रदान गर्ने विभिन्न सेवाको बापत लाग्ने दस्तुर र अवधि यस संस्थाको वेबसाईट www.gurkhasfinance.com.np को Charges खण्डमा प्रकाशित गरिएको छ ।

७. **निर्णय गर्ने प्रक्रिया र अधिकारी :**

वित्तीय कारोबारका सम्बन्धमा विभिन्न प्रकारका निर्णयहरु विभिन्न तहका अधिकारीले वित्तीय संस्थाको आन्तरिक विनियमावलीको अधिनमा रही गर्न सक्ने व्यवस्था रहेको छ । नियमित सञ्चालन सम्बन्धमा प्रमुख कार्यकारी अधिकृत तथा वित्तीय संस्थाको सञ्चालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेको छ ।

८. **निर्णय उपर उजुरी सुन्ने अधिकारी :**

वित्तीय संस्थाको कारोवार तथा यसले प्रदान गरेको सेवाको सम्बन्धमा ग्राहकहरुको कुनै किसिमको गुनासो तथा उजुरी सुन्नका लागि संस्थाले केन्द्रिय स्तरमा गुनासो सुन्ने अधिकारीका व्यवस्था गरिएको छ, निजको नाम तथा ठेगाना यस प्रकार छ ।

श्री शम्भु राई - सहायक प्रबन्धक
गोर्खाज फाइनान्स लि., चारखाल रोड, डिल्लीबजार,
फोन नं.: ०१-४४३७४०१ ईमेल : shambhu.rai@gurkhasfinance.com.np

## ९. सम्पादन गरेको कामको विवरण :

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा व्यवस्था भए बमोजिम "ग" वर्गको वित्तीय संस्थाले गर्न सक्ने सम्पूर्ण बैंकिङ्ग तथा वित्तीय कारोबारहरु सम्पादन भई रहेको छ ।

## १०. सूचना अधिकारी र प्रमुखको नाम र पद :

वित्तीय संस्थाको प्रमुख सूचना अधिकारीको नाम र पद यस प्रकार रहेको छ ।

नाम : श्री दिपक न्यौपाने
पद : वरिष्ठ प्रबन्धक
ठेगाना : केन्द्रिय कार्यालय, चारखाल रोड, डिल्लीबजार,
फोन नं. : ०१-४४३७४०१
ईमेल : deepak.neupane@gurkhasfinance.com.np

साथै, शाखा कार्यालयहरुमा सम्बन्धित शाखा प्रमुखहरुलाई सूचना अधिकारीको रुपमा कार्य गर्ने व्यवस्था गरिएको छ ।

## ११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :

प्रचलित सम्पूर्ण ऐन, नियम, विनियम र निर्देशिकाहरु संस्थाले पालना गर्नुपर्ने हुन्छ भने देहाय बमोजिमका ऐन, नियम, विनियम र निर्देशिकाहरु बैंकिङ्ग कार्यका लागि प्रमुख रुपमा रहेका छन् ।

क) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३
ख) नेपाल राष्ट्र बैंक ऐन, २०५८
ग) बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
घ) कम्पनी ऐन, २०६३
ङ) बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४
च) सम्पत्ती शुद्धिकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४
छ) धितोपत्र सम्बन्धी ऐन, २०६३
ज) सुरक्षित कारोबार ऐन, २०६३
झ) मुलुकी देवानी संहिता, २०७४ र मुलुकी देवानी कार्यविधि संहिता, २०७४
ञ) आयकर ऐन, २०५८
ट) उपरोक्त ऐन अनुसारका सम्पूर्ण नियम तथा विनियमहरु
ठ) नेपाल राष्ट्र बैंकबाट जारी भएका सम्पूर्ण निर्देशिकाहरु

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण :

संस्थाको आम्दानी, खर्च तथा आर्थिक कारोबारहरु सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरु राष्ट्रियस्तरको पत्रपत्रिकामा प्रकाशित हुँदै आएको छ भने संस्थाको वेबसाईट www.gurkhasfinance.com.np को Investor Relation खण्डमा पनि रहेको छ ।

## १३. संस्थाको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना :

वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना यस प्रकार रहेको छ ।

श्री सन्तोष कुमार घिमिरे
प्रमुख कार्यकारी अधिकृत
गोर्खाज फाइनान्स लि., चारखाल रोड, डिल्लीबजार,
फोन नं.: ०१-४४३७४०१ ईमेल : santosh.ghimire@gurkhasfinance.com.np

**१४. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण :**

त्यस्तो कार्यक्रम नरहेको ।

**१५. सार्वजनिक निकायको वेवसाईट भए सो को विवरण :** www.gurkhasfinance.com.np

**१६. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण:** नरहेको ।

**१७. सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन :**

संस्थाले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित हुदै आएको छ साथै संस्थाको वेबसाईट www.gurkhasfinance.com.np मा समेत रहेको छ ।

**१८. सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि :**

हाललाई सूचना वर्गीकरण नगरिएको ।

**१९. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण :**

वित्तीय संस्थामा सूचना माग भई परेको निवेदनको सम्बन्धमा यथा समयामा नै सूचना उपलब्ध गराउने गरिएको ।

**२०. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सो को विवरण :**

संस्थाको वेबसाईट www.gurkhasfinance.com.np मा प्रकाशित गरिएको ।

नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्र प्राप्त संस्था
Gurkhas Finance Ltd.
गोर्खाज फाइनान्स लि.


**गोर्खाज फाइनान्स लिमिटेड**
**केन्द्रीय कार्यालय, चारखाल रोड**
**डिल्लीबजार, काठमाण्डौं ।**
**फोन नं. ०१-४४३७४०१, फ्याक्स नं. ०१-४०११५२५**